"लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत समृद्धि"

## पाँच बर्ष अवधिमा सम्पादित महत्वपूर्ण कार्यहरु

# लिखु दर्पण-२०७९



## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल



नर्मदेश्वर महादेव मन्दिर




ढुङ्ढुङ्गे मन्दिर

"लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत समृद्धि"

## पाँच बर्ष अवधिमा सम्पादित महत्वपूर्ण कार्यहरु

# लिखु दर्पण, २०७९


**लिखु गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**यसम, ओखलढुङ्गा**

**प्रदेश नं. १, नेपाल**


नेपालको नक्सा
N
सुदूर पश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. १
लुम्बिनी प्रदेश
प्रदेश नं. २


ओखलढुंगा जिल्ला
लिखू गाउँपालिका
N
Khijidemba Gaunpalika
Ramechhap
Molung Gaunpalika
Champadevi Gaunpalika
Sunkoshi Gaunpalika
1
2
3
4
5
6
7
8
9
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km

# मन्तब्य



आदरणीय बुबा, आमा, दाजुभाई तथा दिदीबहिनीहरु, आसन्न स्थानीय निर्वाचन मिति २०७९ साल बैशाख ३० गतेको लागि तपाईहरु सार्वभौम अधिकार प्राप्त नागरिक भई मतदान गर्ने अवसर प्राप्त गर्नुभएकोमा सर्वप्रथम म हार्दिक सम्मान तथा आभार व्यक्त गर्न चाहान्छु ।

लामो संघर्ष र बलिदानबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यो महान् अभियानमा सरिक भई आफ्नो ज्यान आहुति गर्ने ती महान ज्ञात अज्ञात शहिदहरुप्रति म सदैव भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । त्यसै गरी बलिदानीपूर्ण संघर्षमा अहम् भूमिका निर्वाह गर्नुहुने ती महान् क्रान्तिकारी योद्धाहरुलाई उच्च सम्मान व्यत्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको हामी सबैको आकांक्षा पूरा गर्न नेपालको संविधानले परिकल्पना गरे अनुसार जनतालाई घरदैलोमा नै सेवा सुविधा प्रवाह गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरु क्रियाशील रही आएको सबैलाई बिदितै भएको विषय हो ।

स्थानीय सरकारको रुपमा हाम्रो लिखु गाउँपालिका २०७३ सालमा मा स्थापना भई २०७४ आषाढ १४ गते स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुबाट स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका गठन भई संविधानत प्रद्धत अधिकारको उच्चतम प्रयोग गरी गाउँपालिका निवासी जनताको आधारभूत आवश्यकता र विकासको चाहानालाई प्रभावकारी तवरले पुरा गर्न आफ्नो भूमिका निर्वाह गर्दै आएको सबैको सामू छर्लङ्गै छ ।

गाउँपालिकाको समग्र शासन व्यवस्थालाई सञ्चालन गर्न २०७४ को स्थानीय निर्वाचनबाट मलाई मूल नेतृत्वको भूमिका प्रदान गर्ने जनमतलाई उच्च सम्मान तथा आभार व्यक्त गर्दछु ।

सुशासन, पारदर्शिता, नागरिकप्रति संवेदनशीलता र उत्तरदायित्व स्थानीय सरकारको आधारभूत मान्यता रहेको हामीलाई थाहा भएकै कुरा हो । यी मान्यतालाई आत्मसात गरी सुशासनका हरेक पक्षलाई समन्वयात्मक ढंगबाट

प्रयोग गरी शासन संचालनमा सबै नागरिकको सहभागिता हुन्छ भन्ने मूल मान्यताका साथ हामीले "लिखु गाउँपालिकाको दृष्टिःसुशासन मार्फत समृद्धि" भन्ने नारा तय गरिएको हो । साथै समृद्ध नेपाल सुखी नेपाली भन्ने मूल ध्येय राखी हाम्रो गाउँपालिकामा सुशासन व्यवस्थाका सबै पक्षलाई सन्तुलित ढंगबाट प्रयोग गरिदै आएको छ । व्यवस्थित कार्यालय, योग्य र क्षमतावान कर्मचारी, स्पष्ट नीति तथा कार्यक्रमहरु सुशासनका आधारभूत पक्षहरु रहेको छन् । स्थानीय सरकारलाई संविधानले दिएको अधिकारहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आवश्यक ऐन, कानून, कार्यविधि, मापदण्ड तर्जुमा गरी लागू गरिएको छ ।

गाउँपालिकाको संवैधानिक अधिकार प्रयोगको सन्दर्भमा ५ वर्षे कार्य अवधीमा भए गरेका कार्यहरुको विवरण निम्न अनुसार जानकारी गराउन चाहान्छु ।

# विषय सूची

| | |
|---|---|
| **परिच्छेद-१** | १ |
| गाउँपालिकाको परिचय | १ |
| (१) गाउँपालिकाको सामान्य परिचय | १ |
| (२) गाउँपालिकाको राजनीतिक विभाजन | २ |
| (३) गाउँपालिकाको जनसंख्या | ३ |
| **परिच्छेद-२** | ४ |
| सामाजिक विकास | ४ |
| (१) शिक्षा | ४ |
| (२) स्वास्थ्य | ५ |
| (३) लैङ्गिक समानता तथा महिला सशक्तिकरण | ७ |
| (४) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता | ७ |
| (५) खानेपानी तथा सरसफाई | ८ |
| (६) युवा तथा खेलकुद | ९ |
| **परिच्छेद-३** | १० |
| आर्थिक विकास | १० |
| (१) कृषि तथा पशुपञ्छी विकास | १० |
| (२) सहकारी | ११ |
| (३) पर्यटन | १२ |
| (३) साना सिंचाई कार्यक्रम | १३ |

**परिच्छेद-४** १५

पूर्वाधार विकास १५

(१) डि.पि.आर. तथा सम्भाव्यता अध्ययन १५

(२) भवन तथा आवासः १६

(३) सडक तथा यातायातः १६

**परिच्छेद-५** १८

सुशासन, संरचनागत व्यवस्था तथा सेवा प्रवाह १८

(१) व्यवस्थापकीय अधिकारको प्रयोग १८

(२) कार्यकारी अधिकारको प्रयोग २४

(३) न्यायीक अधिकारको प्रयोग २४

(४) भौतिक व्यवस्थापनको अवस्था २५

(६) सुशासन तथा सेवा प्रवाह २८

**परिच्छेद-६** ३०

विपद् व्यवस्थापन ३०

**परिच्छेद-७** ३२

अन्तर सम्बन्धित क्षेत्र ३२

(१) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन ३२

(२) सूचना तथा सञ्चार प्रविधि ३२

(३) राजश्व संकलन तथा परिचालन ३३

(४) प्रधानमन्त्री रोजगार कार्यक्रम ३४

परिच्छेद-१

# गाउँपालिकाको परिचय

## (१) गाउँपालिकाको सामान्य परिचय

प्रदेश नं. १ अन्तर्गत ओखलढुंगा जिल्लाको सुदुर पश्चिम भागमा लिखु गाउँपालिका रहेको छ। जिल्ला सदरमुकाम ओखलढुंगाबाट करिब ७५ किलोमिटरमा उत्तर पश्चिमतर्फ ८८.०३ वर्ग किलोमिटर क्षेत्रफलमा लिखु गाउँपालिका फैलिएको छ। यो गाउँपालिका साविकका सिंहदेवी, नर्मदेश्वर, यसम, गाम्नाङटार, टारकेराबारी र पोकली गरी जम्मा ६ वटा गा.वि.स.हरु मिलेर हाल ९ वटा वडामा रुपान्तरित भई बनेको छ। गाउँ कार्यपालिका अस्थायी कार्यालय वडा नं. ४ को यसममा रहेको छ। लिखु गाउँपालिकाको नामाकरण सप्तकोशीको सहायक नदी लिखु नदीबाट भएको हो। यस गाउँपालिकको पूर्वतर्फ चम्पादेवी र खिजिदेम्बा गाउँपालिका, पश्चिमतर्फ रामेछाप जिल्ला, उत्तरतर्फ खिजिदेम्बा गाउँपालिका र दक्षिणतर्फ चम्पादेवी गाउँपालिका रहेका छन्।

गाउँपालिका पार्श्वचित्र, २०७८ अनुसार यस गाउँपालिकामा ३९९३ घर परिवारमा जम्मा २३,४९९ जनसंख्या रहेको छ। क्षेत्री जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राम्हण, तामाङ्ग, नेवार, मगर, सार्की, दमाई, सुनुवार लगायत विभिन्न आदिवासी जनजातीहरुको बसोबासले यस गाउँपालिकालाई अनेकतामा एकतावद्ध गर्न थप सहयोग गरेको छ। विभिन्न भाषा भाषी, घर्म र जातीय संस्कार एवम् चाडपर्वहरुले धार्मिक सहिष्णुतालाई थप उचाईमा पुर्याएको छ।

यहाँका बासिन्दाहरु विशेष गरी कृषि पेशामा निर्भर रहेका छन् भने केहि मात्रामा सरकारी नोकरी, व्यापार व्यवसाय र वैदेशिक रोजगार जस्ता पेशामा आवद्ध रहेका छन्। कृषितर्फ प्रमुख बालीहरुमा मकै, धान, आलु, कोदो र गहुँ रहेको देखिन्छ भने मासु तथा दुधमा यो गाउँपालिका आत्मनिर्भर रहेको छ।

यस गाउँपालिका स्वास्थ्य सेवासँग सम्बन्धीत ६ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा हेल्थ यूनिट, १ आयुर्वेद औषधालय र १ कोभिड १९ अस्थायी अस्पताल रहेको छ। यसका अतिरिक्त स्वास्थ्य चौकी गाम्नाङ्गटारलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति गरिएको छ। त्यसै गरी शिक्षा क्षेत्रसँग सम्बन्धीत २२ वटा सामुदायिक र १ निजी गरी जम्मा २३ वटा विद्यालयहरु रहेका छन्। यसका साथै यसै गाउँपालिकाको वडा नं. ६ मा रहेको क्याम्पसबाट उच्च शिक्षाको ज्योति पनि फैलिरहेको छ। यसका अतिरिक्त गाउँपालिका क्षेत्र भित्र २ वटा प्रहरी चौकि, ५ हुलाक कार्यालय, १४ वटा सहकारी संस्था र २७ गैरसरकारी संघ सस्थाहरु रहेका छन्।

समुन्द्रि सतहबाट करिब ६०० मिटरदेखि २८०० मिटर उचाईसम्म फैलिएको यस गाउँपालिकामा मानव बसोबासको लागि उपयुक्त किसिमको हावापानी पाईन्छ। यस गाउँपालिकामा बेंसीका फाँटहरुदेखि हिउपर्ने लेकसम्म समेटिएको छ। सिल्खुबेंसी, दाहालटार जस्ता धान उत्पादन हुने फाँटहरु र पहराका फेदमा रहेको गाम्नाङ्गटार र टारकेराबारीका

फाँटहरु यहाँका थप उर्बर भुमिहरु हुन । फलफूलको लागि उपयुक्त हावापानी भएका कारण यस क्षेत्रमा सुन्तला, जुनार, आँप, कटहर, अनार, खुर्पानी र अंगुर जस्ता फलफूल पाइन्छ । यस गाउँपालिकाको वडा नं. ९ पोकलीको माथिल्लो भेग आलु उत्पादनको लागि प्रसिद्ध रहेको छ । यस गाउँपालिकामा चिराइतो, जटामसी, त्रिफला, पाचऔले, घोड्ताप्रे, बोजो जस्ता महत्वपूर्ण स्वास्थ्यवर्धक जडीबुटीहरु पाइन्छन् ।

यस गाउँपालिकामा पोकली झरना, नर्मदेश्वर महादेव, ढुङढुङ्गे महादेव, भोल्टेकोटगढी, रामेश्वर पशुपति मन्दिर, दुर्योचन्द्र पोखरी जस्ता ३४ भन्दा बढी पर्यटकीय गन्तव्यस्थलहरुले गर्दा पर्यटन व्यवसायको प्रवल संभावना रहेको छ, जसबाट होटल व्यवसाय, होमस्टे, ट्रेकिङ्ग सेवाहरु सञ्चालन गरी यहाँको स्थानीय बासीहरुमा रोजगारीको सिर्जना भई आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ । भ्रमण वर्ष २०२० को घुम्नै पर्ने १०० गन्तव्यको सूचीमा पोकली झरना सूचीकृत भए पश्चात आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढ्दै गईरहेको छ । लिखु ३ नर्मदेश्वर स्थित माझिटार पार्कले हजारौं पर्यटकहरुको आगमनलाई स्वागत गर्न तत्पर रहेको छ । ओखलढुंगा जिल्लाको पश्चिम भागको गाउँपालिका, पोकली झरनाले चिनिएको गाउँपालिका, नर्मदेश्वर महादेवले चिनिएको गाउँपालिका, मानव बसोबास र कृषि उत्पादनको लागि उपयुक्त गाउँपालिका हो, जुन जनसंख्या र भौगोलिक रुपमा सानो भएतापनि सामाजिक, साँस्कृतिक, धार्मिक, जातिगत विविधताले भरिपूर्ण छ ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त बिशेषता भएको यो गाउँपालिका एकताको सुत्रमा आवद्ध भएको पाइन्छ । विभिन्न सरकारी, गैरसरकारी संघ संस्था, सहकारी संस्थाहरुले गुणस्तर सेवा प्रवाह मार्फत सामाजिक न्याय, जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित र सुशासनको प्रत्याभूत गराएका छन् । स्थानीय स्तरमा लोकतान्त्रिक, जनउत्तरदायी, विधिको शासन, सुशासन, जनसहभागिता, कानूनी राज्य, समावेशिता अवलम्बन गर्न राजनितिक संयन्त्रको प्रभावकारी रुपमा क्रियाशील रहेको छ । यस गाउँपालिकामा सक्षम, सबल, प्रविधिमैत्री र प्रभावकारी प्रशासनिक संयन्त्र सधैं गुणस्तर, प्रभावकारी, छिटो छरितो ढंगबाट सेवा प्रवाह गर्न तत्पर रहेको छ ।

## (२) गाउँपालिकाको राजनीतिक विभाजन

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम लिखु गाउँपालिकाको पनि राजनीतिक विभाजन तथा संरचनाको रुपरेखा निर्धारण गरिएको छ । लिखु गाउँसभाको निर्णय अनुसार यस गाउँपालिकाको केन्द्र साविकको यसम निर्धारण भई सञ्चालनमा रहेको छ भने विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

| वडा नं. | समावेश भएका साविकका गा.वि. स. | साविक वडा नं. |
|---|---|---|
| १ | सिंहदेवी | १-५ |
| २ | सिंहदेवी | ६-९ |

| वडा नं. | समावेश भएका साविकका गा.वि. स. | साविक वडा नं. |
|---|---|---|
| ३ | नर्मदेश्वर | १-९ |
| ४ | यसम | १-५ |
| ५ | यसम | ६-९ |
| ६ | गाम्नाङ्टार | १-५ |
| ७ | गाम्नाङ्टार | ६-९ |
| ८ | टारकेराबारी | १-९ |
| ९ | पोकली | १-८ |

## (३) गाउँपालिकाको जनसंख्या

गाउँपालिका पार्श्वचित्र, २०७८ अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या २३,४९९ रहेको देखिन्छ भने लैंगिक अनुपात ०.९८ रहेको छ। परिवारको औसत आकार ५.८९ मात्र छ र जनघनत्व सबभन्दा बढी वडा नं. ४ मा ६२० छ भने समग्र गाउँपालिकाको २६७ जना प्रति वर्ग कि.मी. रहेको देखिन्छ।

| वडा नं. | क्षेत्रफल | घरधुरी संख्या | जनसंख्या | | | औषत परिवारको आकार | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | १०.८ | २६७ | ७८६ | ८४३ | १६२९ | ६.१० | १६१.६१ |
| २ | ६.६६ | ३८० | ११८२ | ९९५ | २१७७ | ५.७३ | ३२६.८८ |
| ३ | ९.२ | ४६५ | १३५८ | १४३६ | २७९४ | ६.०१ | ३०३.७० |
| ४ | ३.७३ | ३५८ | ११६६ | ११४६ | २३१२ | ६.४६ | ६१९.८४ |
| ५ | ९.५२ | ३९८ | १०९१ | १२०० | २२९१ | ५.७६ | २४०.६५ |
| ६ | ६.४७ | २९८ | १०६२ | १०५१ | २११३ | ७.०९ | ३२६.५८ |
| ७ | ६.९६ | ३८९ | १३०० | १३८६ | २६८६ | ६.९० | ३८५.९२ |
| ८ | १०.९१ | ६६९ | १७०५ | १७९१ | ३४९६ | ५.२३ | ३२०.४४ |
| ९ | २४.५ | ७६९ | १९५९ | २०४२ | ४००१ | ५.२० | १६३.३१ |
| जम्मा | ८८.०३ | ३९९३ | ११६०९ | ११८९० | २३४९९ | ५.८९ | २६६.९४ |

परिच्छेद-२

# सामाजिक विकास

## (१) शिक्षा

शिक्षा सामाजिक विकासको मेरुदण्ड हो। शिक्षा बिना सामाजिक विकासको परिकल्पना गर्न सम्भव छैन। शिक्षालाई गुणस्तरीय र व्यवहारिक बनाउन आजको अपरिहार्य एवं महत्वपूर्ण विषय बन्दै गएकोले गाउँपालिकाले विशेष नीति अवलम्बन गर्दै आएको छ। आधारभूत तथा माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनमा भएका कार्यहरु देहाय बमोजिम रहेका छन्।

- ❖ आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय गाउँ कार्यपालिकाको परिसर भित्र व्यवस्थापन गरिएको छ।
- ❖ आवश्यक शिक्षक तथा कर्मचारीको रिक्त दरबन्दीमा पदपूर्तिको व्यवस्था गरिएको छ।
- ❖ शिक्षा ऐन तथा शिक्षा नियमावलीको व्यवस्था गरिएको छ।
- ❖ छिटो, छरितो र तीव्र गतिमा शिक्षा क्षेत्रका सबै सेवाहरु प्रवाह गरिएको छ।
- ❖ विद्यालय संचालन तथा व्यवस्थापनको लागि उचित अनुदानको व्यवस्था गरिएको छ।
- ❖ विद्यालयमा शैक्षिक सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिएको छ।
- ❖ शिक्षकको कार्यसम्पादन मूल्यांकन गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिएको छ।
- ❖ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृत्ति तथा दिवा खाजाको व्यवस्था गरिएको छ।
- ❖ शिक्षक क्षमता अभिवृद्धि तालिमको उचित व्यवस्था गरेको छ।
- ❖ व्यवस्थित शैक्षिक प्रणालीको विकास गर्न शैक्षिक सुधार योजना निर्माण एवं कार्यान्वयन गरिएको छ।
- ❖ विद्यालयको नियमित अनुगमन गरी पृष्ठपोषण गरिएको छ।
- ❖ आधारभूत तह (कक्षा ८) अन्तर्गतको परीक्षा पालिका स्तरीय हुने गरी व्यवस्थापन तथा सञ्चालन गरिएको छ ।
- ❖ विद्यालयहरुलाई आवश्यक पूर्वाधार निर्माणको लागि जग्गा खरिद, भवन निर्माण, खेल मैदान निर्माणको लागि उचित अनुदानको व्यवस्था गरिएको छ।

- विद्यालयका प्रध्यानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग समय समयमा अन्तर्क्रिया तथा गोष्ठी आयोजना गरी शैक्षिक सुधारको नीति लिएको छ ।
- विद्यालयको घेराबार, शौचालय, खानेपानी तथा फर्निचरको लागि अनुदान प्रदान गरिएको छ ।
- प्रारम्भिक बालबिकास सहजकर्ताको पारिश्रमिक, विद्यालय कर्मचारी र नीजि शिक्षकहरुलाई तलब भत्ताको थप अनुदानको व्यवस्था गरिएको छ ।

## (२) स्वास्थ्य

स्वास्थ्य जीवन, मानव विकास सूचकांङ्गको महत्वपूर्ण आधार हो । संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा परिभाषित गर्दै आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकलाई निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको बारेमा जानकारी गराउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँच, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकासको लक्ष्य रहेको छ ।

आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी सेवा सञ्चालन गर्ने स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको छ । जसलाई कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको कार्यालयभित्र स्वास्थ्य सेवालाई प्रभावकारी सञ्चालनका लागि आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय स्थापना भई सेवामा क्रियाशिल रहेको छ । यस अन्तर्गत गरिएका महत्वपूर्ण कार्यहरु देहाय अनुसार रहेका छन् ।

- आधारभूत स्वास्थ्य केन्द्रको लागि लिखु २, ५ र ७ मा जग्गा व्यवस्थापन तथा भवन निर्माण गरी सेवा सञ्चालन गरिएको छ ।
- ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमहरु सबै वडामा सञ्चालन हुने गरी व्यवस्थापन मिलाईएको छ ।
- सबै स्वास्थ्य संस्थाहरुमा कर्मचारीको दरबन्दी निर्धारण तथा पदपूर्ति र प्रभावकारी परिचालन गरिएको छ ।
- प्रत्यके आर्थिक बर्षमा १२० प्रकारका औषधी खरिद गर्न आवश्यक बजेट व्यवस्था गरी निःशुल्क औषधि वितरण गरिएको छ ।
- ५ शैय्याको अस्पतालको लागि १२ रोपनी जग्गा व्यवस्थापन गरी डि.पि.आर. तयार गरी भवन निर्माणाधीन रहेको ।
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत लिखु-६ मा रहेको गाम्नाङटार स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी प्राइमरी स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ ।

- उक्त संस्थाबाट प्रदान गरिने अत्यावश्यक सेवाहरुः
    - ECG सेवा,
    - USG सेवा,
    - प्रयोगशाला सेवा,
    - २४ घण्टे आकस्मिक सेवा,
    - २४ घण्टे प्रसुति सेवा ।
- कर्मचारी व्यवस्थापनः
    - मेडिकल अधिकृत-१ जना
    - स्टाफ नर्स-१ जना
    - ल्याब टेक्निसियन-१ जना

- **ग्रामीण आँखा क्लिनिक व्यवस्थापनः** आँखा र दाँतको प्राथमिक उपचार गाउँघरमा नै गर्नुपर्ने अति आवश्यक देखिएकोले गाउँपालिकाको केन्द्रमा पालिका स्तरीय आँखा क्लिनिक स्थापना तथा सञ्चालन गरिएको छ । यस अन्तर्गत उपलब्ध सेवाहरु देहाय अनुसार रहेका छन् ।
    - निशुल्क आँखा परीक्षण,
    - औषधी वितरण,
    - चस्मा वितरण,
    - आँखा सुरक्षा सम्बन्धी चेतना अभिवृद्धि,
    - कर्मचारी व्यवस्थापन, अन्तर्गत नेत्र सहायक पाँचौ -१ जना, र कार्यालय सहयोगी-१ जना ।

- **आयुर्वेद तथा प्राकृतिक चिकित्साः** आयुर्वेद चिकित्सा हाम्रो मौलिक उपचार पद्धति हो । मानव सभ्यता सँगै मानव स्वास्थ्यको संरक्षण र संवर्धनका लागि यस उपचार पद्धतिको अहम् भूमिका रहेको छ । आज पनि स्वस्थ जीवन सबैका लागि भन्ने अवधारणा अनुरुप हाम्रो गाउँपालिकामा आयुर्वेद चिकित्सा प्रणालीको सुदृढीकरण र स्तरीयता कायम गरी जनमानसमा सुरक्षित, प्रभावकारी र गुणस्तरीय सेवा पुर्याउन आवश्यक भएकोले गाउँपालिका कार्यालयभित्र आयुर्वेद कार्यालय व्यवस्थापन गरी सेवा उपलब्ध गराउदै आएको छ । यस अन्तर्गत गरिएका क्रियाकलापहरु देहाय अनुसार छन् ।

- ☞ लिखु-९, लेतीमा रहेको औषधालयलाई स्तरोन्नति गर्ने ध्येयले भवन निर्माणको लागि जग्गा व्यवस्थापन गरिएको छ ।
- ☞ निशुल्क बिरामी परीक्षण तथा औषधी वितरण गर्ने कार्य व्यवस्थित गरिएको छ ।
- ☞ गाउँघर क्लिनिक सञ्चालन नियमित सञ्चालन गर्ने व्यवस्था मिलाईएको छ ।
- ☞ योग दिवश तथा योग शिविर सञ्चालन गर्ने व्यवस्था मिलाईएको छ ।
- ☞ ज्येष्ठ नागरिकलाई रसायन औषधी वितरण कार्यक्रम नियमित सञ्चालनमा छ ।
- ☞ स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ जडिबुटजन्य औषधी वितरण कार्यक्रम नियमित सञ्चालनमा छ ।
- ☞ स्थानीय जडिबुटी परिचयात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।
- ☞ विद्यालय आयुर्वेद तथा योग शिक्षा सञ्चालन नियमित रुपमा गर्ने व्यवस्था मिलाईएको छ ।
- ☞ पञ्चकर्म, पूर्वकर्म सेवाहरु नियमित रुपमा प्रवाह हुने व्यवस्था मिलाईएको छ ।

## (३) लैङ्गिक समानता तथा महिला सशक्तिकरण

लैङ्गिक समानता तथा महिला सशक्तिकरण मानव अधिकार तथा दिगो विकासको एक महत्वपूर्ण पक्ष हो । संविधानले महिलाको आर्थिक, सामाजिक विकास र सशक्तिकरण मौलिक हकको रुपमा प्रत्याभूत गर्दै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तको आधारमा समतामूलक समाज निर्माणका लागि लैङ्गिक विभेदको अन्त गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरेको छ । त्यसैले गाउँपालिकामा लैङ्गिक तथा सामाजिक विकास उपशाखाको स्थापना गरी सञ्चालनमा रहेको छ । यस अन्तर्गत गरिएका कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- ☞ ज्येष्ठ नागरिक तथा लैङ्गिक विषयमा आवश्यक तथ्यांक संकलन गरी अभिलेख गरिएको छ ।
- ☞ आवश्यक बजेटको व्यवस्था गरी स्थानीय हिंसा निवारण कोष तथा बालबालिका संरक्षण कोष संचालन गरिएको छ ।
- ☞ सबै वडाहरुमा १० वटा महिला विकास समूहहरु गठन गरी कुरीति, कुप्रथा सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ ।
- ☞ अन्तराष्ट्रिय नारी दिवशको अवसरमा सम्पूर्ण वडाहरुका महिला समूहहरुमा आवश्यक बजेट छुट्याई कार्यक्रम संचालन गरिएको छ ।

- तीज विशेष कार्यक्रम बनाई महिला जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई सचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम सबै वडाहरुमा संचालन गरिएको छ ।
- महिला लक्षित सीपमूलक तालिम सञ्चालन गरिएको छ ।
- अपाङ्ग परिचयपत्र ४६४ (पुरुष-११९ र महिला-११३ जम्मा-२३२) जनालाई वितरण गरिएको ।
- ज्येष्ठ नागरिक परिचयपत्र ६८१ जनालाई वितरण गरिएको छ ।

## (४) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

मानिस सक्रिय जीवनयापन गरिरहेको बेला होस् या अशक्त अवस्थामा होस् उसका आधारभूत आवश्यकताहरु पूरा हुने सुनिश्चित हुनु नै सामाजिक सुरक्षा हो । समय र लक्षित वर्गअनुसार सामाजिक सुरक्षा भत्तादरहरु पनि सोही बमोजिम परिमार्जित हुने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा भत्ताको व्यवस्था २०५१ सालदेखि हुँदै आएको हो । भत्ता वितरण कार्यलाई सरल, पारदर्शि बनाउन अनलाइन प्रविधि र बैङ्किङ प्रणालीमार्फत भुक्तानि हुने व्यवस्था गरिएको छ । त्यसै गरी उपाध्यक्षको संयोजकत्वमा परिचयपत्र तथा पञ्जीकरण समन्वय समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गुनासो सुनुवाई समिति त्यसै गरी वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गठन तथा पञ्जीकरण सम्बन्धी कार्यको लागि गाउँपालिका कार्यालयभित्र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता उप-शाखाको व्यवस्था गरिएको छ । यहि संरचनागत व्यवस्था अनुसार सामाजिक सुरक्षा वितरण प्रकृयालाई प्रभावकारी रुपमा अगाडि बढाईरहेको छ ।

## (५) खानेपानी तथा सरसफाई

मानवोचित जीवन यापनको लागि स्वच्छ खानेपानी र सरसफाईको महत्त्वपूर्ण स्थान रहेको छ । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक सुनिश्चित गर्न स्थानीय सरकारको अधिकार सूचीमा राखिएको छ । त्यसैले गाउँपालिकाका सबै वडाका नागरिकहरु खानेपानीबाट कोही बञ्चित नहुन भन्ने ध्येयका साथ आवश्यक बजेट विनियोजन गरी सबै स्रोतलाई संरक्षण र व्यवस्थापन गरी आवश्यकता अनुसारका आयोजना बनाई एक घर एक धारा नीति अन्तर्गत सबै वडामा खानेपानी आयोजना सम्पन्न गरिएको छ । खानेपानी स्रोत कम भएका वडा नं १, २ र ३ वडाहरुमा लिफ्टिङ तथा डिप बोरिङको लागि डि.पि.आर. बनाइएको छ सो आयोजना छिटै सम्पन्न भई हाम्रो गाउँपालिकाभित्र ९० प्रतिशत जनताहरुमा एक घर एक धारा अनुरुप खानेपानीमा पहुँच हुन जानेछ ।

## (६) युवा तथा खेलकुद

साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्म विश्वासका कारण युवा वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिन्छ। युवालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका अग्रदुत तथा परिवर्तनका संवाहकका रुपमा लिन सकिन्छ। साथै उत्पादनको साधनमा युवालाई महत्वपूर्ण श्रमशक्तिको रुपमा मानिन्छ। हाम्रो युवाहरु दिन प्रतिदिन कामको रोजगारीको खोजीमा विदेशिने क्रम जारी छ। जबसम्म त्यो शक्तिलाई रोजगारी दिलाउन सकिदैन तव सम्म देश समृद्ध हुदैन भन्ने हेतुले युवाहरुसंग सम्बन्धित निम्न कार्यहरु गरिएको छ।

❖ लघुउद्यम विकास तालिम अन्तर्गत तरकारी खेतीको तालिम ४० जना, हलुका सवारी चालक तालिम ८० जना, ब्युटीसियन तालिम २० जना, सिलाई कटाइ तालिम १०० जना र कम्प्युटर तालिम ३० जनालाई प्रदान गरिएको छ।

❖ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत युवा रुपान्तरणको लागि पहल आयोजना पनि सञ्चालन गरिएको छ जसले बिदेश जाने दरलाई न्युन गर्दै युवाहरुलाई स्वदेशमा काम गर्ने वातावरण क्रमश मिलेको छ।

परिच्छेद-३

# आर्थिक विकास

## (१) कृषि तथा पशुपञ्छी विकास

**कृषि विकासः** देशको कुल ग्राहस्थ उत्पादनमा ठूलो योगदान दिने कृषि क्षेत्रमा करिब २ तिहाई जनसंख्या अर्थात् ६०.४% मानिसहरु कृषि पेशामा आबद्ध छन्। अधिकांश जनताको जीविकोपार्जनको प्रमुख आधार कृषि नै रहेको छ। यस क्षेत्रको प्रमुख बालिहरुमा धान, मकै, आलु, कोदो रहेका छन् भने नगदे बालीको रुपमा केही मात्रामा अलैची तथा बेसार पनि लगाउने गरेको पाइन्छ। यी परम्परावादी खेतीले मात्र आर्थिक विकास भई जनताको आयस्तर बढ्न सक्दैन त्यसैले कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नु जरुरी देखिन्छ। साथै उत्पादित वस्तु तथा खाद्यान्नहरु बिक्रि वितरणको लागि बजारको पहुँच नभएमा उत्पादन गर्ने जनशक्ति निराश बन्ने र उत्पादित वस्तु खेर जाने हुन्छ। उत्पादित कृषिजन्य उपजको बिक्रि वितरण र सेवा तथा वस्तु आदान प्रदानको लागि पालिकामा कृषि हाट बजार केन्द्र र कृषि उपज संकलन केन्द्रको स्थापना भई संचालनको प्रक्रियमा रहेको छ। कृषिसम्बन्धी विकास तथा विस्तारको लागि गाउँ कार्यालयभित्र कृषि विकास कार्यलय स्थापना भई सञ्चालन भएको छ। कृषि क्षेत्रमा गरिएका महत्वपूर्ण कार्यहरु देहाय बमोजिम रहेका छन्।

- ❖ कृषिलाई यान्त्रिकरण र आधुनिकीकरण गर्नका लागि कृषि समूहलाई ९ किसिमका यन्त्रहरु वितरण गरिएको छ।
- ❖ हालसम्म २२८ कृषक तथा विभिन्न कृषक समूह र फर्मलाई विषादी वितरणको कार्यक्रम संचालन गरिएको छ।
- ❖ माटो परीक्षण शिविर संचालन गरिएको जसबाट बाट २८ जना कृषक लाभान्वित भएको छ।
- ❖ हिउँदे तथा बर्षे बालीको तथ्यांक संकलन र क्रप कटिङको कार्य नियमित गर्दै आईएको छ।
- ❖ कृषि पकेट विकास कार्यक्रम अन्तर्गत वडा न. ३ मा मकै बाली वडा न. ५ मा आलु बाली र वडा न. ९ मा आलु बालीको पकेट विकास कार्यक्रम सम्पन्न भएको उक्त कार्यक्रममा कृषि यान्त्रिकरणलाई प्राथमिकता दिइएको र प्रत्येक पकेट क्षेत्रमा क्षमता अभिवृद्धि स्थलगत तालिम संचालन गरिएको छ।
- ❖ वडा न. १, ३, ७, ८ र ९ मा कृषि उपज संकलन तथा बजार पूर्वाधार निर्माणको कार्य सम्पन्न भई सञ्चालन आएको छ।
- ❖ कृषि तथा पशुपालनसँग सम्बन्धित बजारीकरणको सुनिश्चितताको लागि गाउँ पालिका वडा न. ४ मा बजार व्यवस्थापन केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याईएको छ।
- ❖ हालसम्म ८० वटा कृषक समूहहरु पालिकामा गठन भई दर्ता भएका छन्।

**पशुपञ्छी विकासः** लिखु गाउँपालिकामा प्राय सबै घरमा आफ्नै ढंगले कुनै न कुनै पशुपञ्छी पालेको देखिन्छ। व्यवसायिक हिसाबले पशुपञ्छी पालेको देखिदैन। त्यसैले व्यवसायिक हिसाबले पशुपञ्छी पालन गर्नुपर्ने जरुरी छ। पशुपालन पेशालाई प्रवर्द्धन गरी व्यवसायीकरण औद्योगीकीकरण गर्नका लागि स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति र कृषकका लागि कृषि सामाग्री कृषि उपजको उचित मूल्य र बजारको ब्यवस्था स्थानीय कार्य विभाजन तथा कार्यसम्पादन र जवाफदेहिता अभिवृद्धि गरी सामाजिक न्याय प्रत्याभूत गर्न गाउँपालिकामा आर्थिक विकास शाखा अन्तर्गत पशुपञ्छी कार्यालय स्थापना भई क्रियाशील रहेको छ। यस अन्तर्गत गरिएका मुख्य कामहरु देहाय अनुसार रहेका छन्।

- बाख्राको साना व्यवसाय उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गतका कार्यहरु गरिएको छ।
- बाख्रापालन सम्बन्धी तालिम सञ्चालन गरिएको छ।
- समूह तथा फर्मलाई औषधी वितरण कार्य नियमित रुपमा हुने गरि व्यवस्थापन गरिएको छ।
- घाँस बीउ तथा बेर्ना वितरण कार्य नियमित रुपमा हुने गरि व्यवस्थापन गरिएको छ।
- नश्ल सुधारका लागि उन्नत जातका बोका तथा राँगा वितरण कार्यक्रम सञ्चालन गरिएको छ।
- स्थानीय खरी जातका पाठीहरु वितरण कार्यक्रम सञ्चालन गरिएको छ।
- निशुल्क औषधी खरिद गरी वितरणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- पशु स्वास्थ्य शिविर संचालन गरिएको जसमा ९६ जना कृषकले सेवा लिएको र सो सेवालाई नियमित रुपमा गर्ने गरी व्यवस्थापन गरिएको छ।
- हालसम्म १४०४ वटा गोरु तथा बाछा, बाछी, ५७० वटा रागा, भैसी तथा पाडापाडी, ४११ वटा, बोका, बाख्रा, ५४६७ वटा, कुखुरा, ४९८१ वटा बुंगुर, १३८ वटा कुकुर, र ५० वटा टर्कीलाई औषधी वितरण गरिएको छ।
- पशु खोप कार्यक्रम अन्तर्गत ६१६ वटा बाख्रालाई PPR र खोरेत खोप लगाइएको र निजि स्तरमा ३३२ वटा बाख्रालाई PPR खोप लगाइएको छ।
- बंगुरपालन कार्यक्रम अन्तर्गत बंगुरपालन सम्बन्धी तालिम संचालन गरिएको छ।
- हालसम्म २७ वटा पशुपालन कृषक समूह गठन तथा नवीकरणमा रहेका छन्।

## (२) सहकारी

हाम्रो गाउँपालिकाले सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्वपूर्ण खम्बाको रुपमा लिएको छ। संविधानले सार्वजनिक, निजी तथा सहकारी तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील

बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ। सहकारीको उपयोग उत्पादन वितरण तथा सेवा क्षेत्रमा वितरण गर्नु, वित्तीय सुशासन कायम गर्नु, सहकारीताको भावना अभिवृद्धि गर्दै विपन्न वर्गलाई समेट्नु, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमन गर्नु स्थानीय सरकारको दायित्व हो। त्यसैले हाम्रो गाउँपालिकामा पनि सहकारीताको विकास तथा प्रवर्द्धनको लागि आर्थिक विकास शाखा अन्तर्गत सहकारी संस्था परिचालन गर्नको लागि संरचना तयार गरिएको छ। सहकारी अन्तर्गत गरिएका कार्यहरु देहाय अनुसार रहेका छन्।

❖ हाम्रो गाउँपालिकाभित्र १८ वटा सहकारी संस्था दर्ता तथा सूचिकृत भएका छन्। तिनीहरुको नविकरण तथा नियमन सँग सम्बन्धित कार्यहरु नियमित गरिएको छ।

❖ सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्दै लैजानको लागि प्रशासन व्यवस्थापन र लेखा सम्बन्धी तालिम संचालन गरिएको छ।

## (३) पर्यटन

पर्यटन राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधार हो। हाम्रो गाउँपालिका प्राकृतिक सोन्दर्यताले भरपूर स्थान मठमन्दिर, जंगल र पार्कहरु रहेका छन्। पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, नेपालका विविध सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै लाभ वितरणमा स्थानीयलाई बढी भन्दा बढी प्राथमिकता दिने हाम्रो पर्यटन सम्बन्धी नीति रहेको छ। संघ प्रदेशको साथै स्थानीय सरकारको पर्यटन क्षेत्रको अधिकार संविधानमा समेटिएको छ। यस अन्तर्गत गरिएका कार्यहरु देहाय अनुसार रहेका छन्।

❖ हाम्रो गाउँपालिकाभित्र रहेका सबै मठ, मन्दिर तथा पर्यटकहरुलाई मनमुग्ध पार्ने स्थलहरु, जंगल तथा पहाडी क्षेत्रहरु, पोकली झरना, रामेश्वर पशुपति मन्दिर, भोल्टेकोट गढी, नर्मदेश्वर महादेव स्थान, ढुङ्ढुङ्गे मन्दिर, कुण्डलेश्वर महादेव, चुली देवी, पोखरी डाँडा, ऋषि चौर लगायत समेटिएको विस्तृत गुरुयोजना निर्माण गरिएको छ।

❖ रामेश्वर पशुपति मन्दिरको जग्गा खरिद तथा नयाँ मन्दिर तथा शौचालय निर्माण गरिएको छ।

❖ भोल्टेकोट गढीको बाटो निर्माण तथा घेराबार निर्माण गरिएको छ।

❖ नर्मदेश्वर मन्दिरको जिर्णेद्वार, घेराबार तथा गेट निर्माण गरिएको छ।

❖ ढुङ्ढुङे मन्दिरको जिर्णेदार, सिढी तथा यात्रु प्रतिक्षालय निर्माण गरिएको छ।

❖ पोकली झरनामा सिँढी, गेट, पिकनिक स्पोट तथा बसपार्क निर्माण भइरहेको छ।

## (३) साना सिंचाई कार्यक्रम

जलस्रोत तथा सिंचाइको दिगो विकास, संरक्षण तथा प्रवद्धन गर्न तथा यस क्षेत्रको कार्यलाई विशिष्टीकरण गरी वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई साकार पार्नु अहिलेको आवश्यकता रहेको छ। सम्पूर्ण क्षेत्रमा सुशासन स्थापना गरी द्रुततर विकास गर्ने दृढ् संकल्पलाई साथ दिंदै जलस्रोत तथा सिंचाइ क्षेत्रमा साना सिंचाई कार्यक्रम अन्तरगत यस गाउँपालिका भएका कार्यहरु देहाय बमोजिम रहेका छन्।

| आर्थिक वर्षः ०७४/७५ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| निर्माण सम्पन्न आयोजना संख्या | - | - | - | - | - | - | - | १ | ३ |
| भौतिक प्रगति (मिटरमा) | - | - | - | - | - | - | - | १७१० | ४८८५ |
| लाभान्वित घरधुरी | - | - | - | - | - | - | - | ३३ | ९८ |
| सिंचित क्षेत्रफल (हेक्टरमा) | - | - | - | - | - | - | - | ८ | ३६ |
| आर्थिक बर्षः ०७५/७६ | | | | | | | | | |
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| निर्माण सम्पन्न आयोजना संख्या | - | १ | - | - | - | - | १ | १ | - |
| भौतिक प्रगति (मिटरमा) | - | ११२० | - | - | - | - | ३११० | १३७५ | - |
| लाभान्वित घरधुरी | - | ४३ | - | - | - | - | ५१ | ७७ | - |
| सिंचित क्षेत्रफल (हेक्टरमा) | - | ७ | - | - | - | - | २३ | ९ | - |
| आर्थिक बर्षः ०७६/७७ | | | | | | | | | |
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| निर्माण सम्पन्न आयोजना संख्या | - | १ | - | - | - | - | - | २ | १ |
| भौतिक प्रगति (मिटरमा) | - | ११३० | - | - | - | - | - | १६१३ | १४४० |
| लाभान्वित घरधुरी | - | ७७ | - | - | - | - | - | ७० | ५३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सिंचित क्षेत्रफल (हेक्टरमा) | - | १० | - | - | - | - | - | १५ | ८ |
| आर्थिक बर्षः ०७७/७८ | | | | | | | | | |
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| निर्माण सम्पन्न आयोजना संख्या | १ | १ | - | - | १ | - | - | - | - |
| भौतिक प्रगति (मिटरमा) | १०४६ | १३६८ | - | - | ३८९९ | - | - | - | - |
| लाभान्वित घरधुरी | ३३ | ७७ | - | - | ५३ | - | - | - | - |
| सिंचित क्षेत्रफल (हेक्टरमा) | ७ | ८ | - | - | २७ | - | - | - | - |
| आर्थिक बर्षः ०७८/७९ | | | | | | | | | |
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| निर्माणधिन आयोजना संख्या | - | - | - | २ | - | १ | - | २ | २ |
| भौतिक प्रगति लक्ष्य (मिटरमा) | - | - | - | ३८५७ | - | १०९४ | - | १६१२ | ४४७४ |
| लाभान्वित घरधुरी | - | - | - | ८० | - | ५७ | - | ५२ | १०० |
| सिंचित क्षेत्रफल (हेक्टरमा) | - | - | - | १८ | - | ८ | - | १३ | ३९ |

परिच्छेद-४

# पूर्वाधार विकास

प्रगतिको अवसर पूर्वाधारको विकास पछि मात्र सिर्जना हुन्छ। गाउँगाउँमा बाटोघाटो, आवास भवन जस्ता पूर्वाधार निर्माण गरेर नै पर्यटनको विकास, गाउँका कृषि उत्पादनहरु सहरमा बेच्ने अवसर, साना तथा मझौला उद्योगहरुलाई बजारसँग जोड्ने कडी, सिँचाइको विकास गर्दै कृषि उत्पादन वृद्धि, मलखाँदको सहज आपूर्ति हुने हो। जलविद्युत् जस्ता पूर्वाधारको निर्माण गरेर नै औद्योगिक उत्पादनको लागत घटाएर प्रतिस्पर्धी ढंगले औद्योगिक उत्पादनहरु गर्न सकिने हो। नेपालले आर्थिक खम्बाको रुपमा पनि कृषि, जलविद्युत्, पर्यटनजस्ता क्षेत्रहरुलाई मानेकै छ। दिगो तथा गुणस्तरीय पूर्वाधार विकासले नै नेपाली अर्थतन्त्रलाई चौतर्फी प्रगतिको अवसर प्रदान गर्नसक्छ। नेपाली कृषि उब्जनीलाई बजारको पहुँचको साथै उचित सिँचाइबाट किसानहरुको जीवनस्तरमा आमूल परिवर्तन ल्याउन सकिन्छ। पूर्वाधार विकासलाई आर्थिक विकासको संवाहक पनि भनिन्छ। हाम्रो गाउँपालिका यस अन्तर्गत गरिएका कार्यहरु निम्नानुसार रहेका छन्।

### (१) डि.पि.आर. तथा सम्भाव्यता अध्ययन

- २० वर्षे रणनीतिक गुरुयोजना निर्माण,
- प्रशासकीय भवन निर्माणको लागि डि.पि.आर. तयार,
- वडा कार्यालय भवन निर्माणको लागि ८ वटा वडा कार्यालय भवनको डि.पि.आर. तयार,
- गाउँपालिकाको रणनितिक सडक २९ किलोमिटर पिचको लागि डि.पि.आर. तयार,
- बसपार्क निर्माणको डि.पि.आर. तयार,
- खानेपानी गुरुयोजनाको डि.पि.आर. तयार,
- पोकली झरना गुरुयोजना निर्माण,
- ५ शैय्या आधारभूत अस्पतालको डि.पि.आर. तयार,
- स्वास्थ्य क्षेत्र सुधार योजनाको डि.पि.आर. तयार
- नमुना विद्यालय गुरुयोजना तयार,
- नदीजन्य स्रोत व्यवस्थापन लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार।

## (२) भवन तथा आवास

- गाउँपालिका कार्यालयको लागि प्रशासकीय भवन, विभागीय भवन, सभा भवन, विषयगत भवन, विपद् व्यवस्थापन भवन, पालिका प्रहरी आवास, चमेनागृह, महिला कर्मचारी आवास गृह, स्क्रयाप ब्लक निर्माण भएका छन्।
- विभिन्न भैतिक संरचना निर्माणको लागि जस्तै अस्थायी कार्यालय व्यवस्थापन, स्थानीय हाट बजार व्यवस्थापन, खेल मैदान, बसपार्क निर्माण, प्रशासकीय भवन निर्माण, प्रहरी कार्यालय भवन निर्माण आदिको लागि ६५ रोपनी जग्गा व्यवस्थापन गरिएको छ।
- वडा नं. २, र ९ को वडा प्रशासकीय भवन निर्माण भएको छ।
- ५ सैय्या अस्पताल निर्माण तथा सञ्चालनको लागि वडा नं. ४ मा जग्गा व्यवस्थापन तथा डि.पि.आर. गरी भवन निर्माणधिन अवस्थामा रहेको छ।
- साविकमा स्वास्थ्य संस्था नभएका वडाहरु (२, ५, ७) मा भवन निर्माण गरि आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गरिएको छ।
- स्वास्थ्य चौकि गाम्नांटारलाई अपग्रेड गरी प्राथामिक स्वास्थ्य केन्द्र बनाउन आधुनिक सुविधा सहितको भवन निर्माणाधिन अवस्था रहेको छ।
- ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक बिद्यालय, वडा नं. ६ मा नमुना बिद्यालय भवन निर्माणधिन अवस्थामा रहेको छ।

## (३) सडक तथा यातायात

लिखु गाउँपालिका स्थापना भए पश्चात निर्माण तथा स्तरोन्नति गरिएका र निर्माणधिन रहेका सडक सञ्जालको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

| वडा नं. | नयाँ ट्रयाक | | स्तरोन्नती | | निर्माणधिन | |
|---|---|---|---|---|---|---|
| | संख्या | दुरी (कि.मि.मा) | संख्या | दुरी (कि.मि.मा) | संख्या | दुरी (कि.मि.मा) |
| १ | ८ | ४१.७ | ५ | ३१ | १ | ११ |
| २ | १० | २८.६ | ५ | १८ | १ | ४ |
| ३ | ४ | १७ | २ | १० | १ | ७ |
| ४ | ५ | २० | ३ | १२ | - | - |
| ५ | ५ | १४.५ | ५ | १४.५ | - | - |

| वडा नं. | नयाँ ट्र्याक | | स्तरोन्नती | | निर्माणधिन | |
|---|---|---|---|---|---|---|
| | संख्या | दुरी (कि.मि.मा) | संख्या | दुरी (कि.मि.मा) | संख्या | दुरी (कि.मि.मा) |
| ६ | ६ | १३ | ४ | ८ | १ | २ |
| ७ | ६ | २१.५ | ६ | २१.५ | - | - |
| ८ | ९ | ३२.२८ | ९ | ३२.२८ | १ | ३ |
| ९ | १२ | ६३ | ८ | ३२ | १ | ४ |
| **जम्मा** | **६५** | **२८४.५८** | **४८** | **१७९.२८** | **६** | **३१** |

- यस गाउँपालिकाको वडा नं. १ बाट गाउँ कार्यपालिकाको कार्यालय हुँदै खिजिदेम्बा गाउँपालिका जोड्ने सडकको डि.पि.आर. तयार भई सडक निर्माण कार्य सुरु भैसकेको छ।
- वडा नं. २ को विचारी आहालबाट वडा नं. ४ को कुटिडाँडा सम्म आगामि ३ आर्थिक बर्ष भित्रमा कालोपत्रे सडक बनाउन संघिय समपूरक तथा गाउँपालिकाको समपूरक कोषबाट व्ययभार हुने गरी १० करोड बजेटको व्यवस्थापन भई कार्य प्रारम्भ भएको छ।
- प्रत्येक वडा कार्यालय तथा गाउँ कार्यपालिका सम्म जोडिने सडक सञ्जाल निर्माण भई क्रमशः स्तरोन्नति भैरहेको छ।
- प्रत्येक वडाका मुख्य बस्तिहरु सडक सञ्जालहरु जोडिएका छन् भने ती सडकहरुको क्रमशः स्तरोन्नति भैरहेको छ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थल, धार्मिक तथा सास्कृतिक स्थल तथा ऐतिहासिक स्थलमा सडकको पहुँच पुर्याईएको छ।
- प्रमुख कृषियोग्य एवं उत्पादनसिल जमिनसम्म कृषि सडकहरु निर्माण गरिएको छ।
- गाउँपालिकाको सडक यातायात रणनीति अनुसार हुने गरी गाउँपालिकाको सडक सञ्जालहरुको स्तरोन्नति गरिदै लगिएको छ।

परिच्छेद-५

# सुशासन, संरचनागत व्यवस्था तथा सेवा प्रवाह

## (१) व्यवस्थापकीय अधिकारको प्रयोग

नेपालको संविधानले स्थानीय तहमा व्यवस्थापकीय अधिकारको सिर्जना गरेको छ । जस अन्तर्गत लिखु गाउँ सभा सर्वोच्च निकायको रुपमा रहेको छ भने गाउँ सभाको कार्यप्रणालीलाई व्यवस्थित तथा थप प्रभावकारी बनाउन गाउँ सभा अन्तर्गत ५ वटा सभा समितिहरु पनि क्रियाशील छन् ।

गाउँ सभाको अधिवेशन ११ पटक सम्पन्न भईसकेको छ भने गाउँ सभाको निकै महत्वपूर्ण कार्यको रुपमा रहेको वार्षिक नीति तथा कार्यक्रम र बजेट लगायत आर्थिक र विनियोजन ऐन संविधान तथा कानून बमोजिम समयमै पारित गरिएको छ ।

गाउँपालिकाको व्यवस्थापकीय अधिकार अन्तर्गत विधायिकी अधिकार निकै महत्वपूर्ण छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानूनले स्थानीय तहको कानून निर्माण प्रक्रियालाई व्यवस्थित गरेको छ । यस गाउँपालिकामा गाउँ सभा तथा कार्यपालिकाले कानून निर्माणलाई उच्च प्राथमिकतामा लिएको छ । हालसम्म स्थानीय तहको निर्वाचन सम्पन्न भएदेखि एघार पटक गाउँ सभा सफलताका साथ सम्पन्न भईसकेको छ भने जसबाट यस गाउँपालिकाले २७ ऐन जारी गरिसकेको छ । यसका साथै गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट ४५ नियमावली एवम् कार्यविधिहरु पनि तर्जुमा भएका छन् । उपरोक्त कानूनहरु सबै स्थानीय राजपत्रमा प्रकाशित गरिनुको साथै स्थानीय कानूनका संग्रह खण्डगत रुपमा पनि प्रकाशन गरिएको छ । कानूनको शासनको प्रत्याभूति गराउन सबभन्दा महत्वपूर्ण रहेको कानून निर्माण प्रक्रियामा सभा अन्तर्गतको विधायन समिति तथा कार्यपालिका अन्तर्गतको विधेयक समिति आ-आफ्नो कार्यक्षेत्रमा सक्रिय रहेका छन् ।

प्रदेश सरकारले जारी गरेका कानूनले निर्दिष्ट गरेका प्रक्रियाहरुको पूर्ण रुपमा पालना गर्ने, सरोकारवाला सँग पर्याप्त छलफल गर्ने, आवश्यक परेको अवस्थामा सेवा परामर्श लिने, नमूना कानूनहरुको उच्चतम उपयोग गर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरुको सक्रिय सहभागिता लिखु गाउँपालिकाको कानून निर्माण प्रक्रियाको विशेषताको रुपमा रहेको छ । यस गाउँपालिकाद्वारा निर्माण भएका कानूनहरु देहाय बमोजिम रहेका छन् ।

**१ ऐनहरु**

| क्र.स. | कानूनको नाम | स्वीकृत मिति | स्वीकृत गर्ने निकाय | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|---|
| १ | आर्थिक ऐन, २०७४ | २०७४/०५/११ | गाउँ सभा | २०७४/०५/११ |
| २ | पूर्वाधार व्यवस्थापन ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सुशासन, व्यवस्थापन तथा सञ्चालन कार्यविधि ऐन,२०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ४ | स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ५ | व्यवसाय दर्ता ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ६ | न्यायीक समिति कार्यविधि ऐन,२०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ७ | स्थानीय सेवा ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ८ | आर्थिक कार्यविधि ऐन,२०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ९ | कृषि व्यवसाय प्रवर्धन ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| १० | सहकारी ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| ११ | शिक्षा ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| १२ | व्यक्तिगत घटना दर्ता ऐन,२०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| १३ | कर्मचारी दरबन्दी व्यावस्थापन ऐन, २०७५ | २०७५/०२/१३ | गाउँ सभा | २०७५/०२/२९ |
| १४ | अनाथ तथा जोखिमयुक्त वालवालिका र सामाजिक कार्यक्रम संचालन कार्यविधि ऐन, २०७५ | २०७५/०३/२८ | गाउँ सभा | २०७५/०४/०२ |
| १५ | आर्थिक ऐन, २०७५ | २०७५/०३/२८ | गाउँ सभा | २०७५/०२/२९ |
| १६ | संस्था दर्ता ऐन, २०७५ | २०७५/१०/१४ | गाउँ सभा | २०७५/१०/१४ |
| १७ | विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७५ | २०७५/१०/१४ | गाउँ सभा | २०७५/१०/१४ |
| १८ | विनियोजन ऐन, २०७६ | २०७६/०३/३१ | गाउँ सभा | २०७६/०४/०८ |
| १९ | गाउँपालिका प्रहरी ऐन, २०७६ | २०७६/१०/२१ | गाउँ सभा | २०७६/११/०४ |
| २० | तथ्यांक तथा अभिलेख व्यवस्थापन ऐन, २०७६ | २०७६/१०/२१ | गाउँ सभा | २०७६/११/०४ |
| २१ | औधोगिक व्यवसाय ऐन, २०७६ | २०७६/१०/२१ | गाउँ सभा | २०७६/११/०४ |
| २२ | आर्थिक ऐन-२०७७ | २०७७/०३/२५ | गाउँ सभा | २०७७/०३/३१ |
| २३ | विनियोजन ऐन, २०७७ | २०७७/०३/२५ | गाउँ सभा | २०७७/०३/३१ |
| २४ | प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन | २०७७/०७/२४ | गाउँ सभा | २०७७/०७/२६ |
| २५ | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ | २०७७/०७/२४ | गाउँ सभा | २०७७/०७/२६ |
| २६ | आर्थिक ऐन, २०७८ | २०७८/०३/२० | गाउँ सभा | २०७८/०३/३१ |
| २७ | विनियोजन ऐन, २०७८ | २०७८/०३/२० | गाउँ सभा | २०७८/०३/३१ |

| २ | नियमावलीहरु | | | |
|---|---|---|---|---|
| क्र.स. | कानूनको नाम | स्वीकृत मिति | स्वीकृत गर्ने निकाय | राजपत्रमा प्रकाशित मिति |
| २८ | गाउँ सभाको कार्यसञ्चालन नियमावली, २०७४ (अन्तरिम) | २०७४/०५/०६ | गाउँ सभा | २०७४/०७/२१ |
| २९ | कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ | २०७४/०५/०६ | गाउँ सभा | २०७४/०७/२१ |
| ३० | कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ | २०७४/०५/०६ | गाउँ सभा | २०७४/०७/२१ |
| ३१ | निर्णय आदेश वा अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ | २०७४/०५/०६ | गाउँ सभा | २०७४/०७/२१ |
| ३२ | पदाधिकारीहरुको आचारसंहिता नियमावली, २०७४ | २०७४/०५/०६ | गाउँ सभा | २०७४/०७/२१ |
| ३३ | शिक्षा नियमावली, २०७५ | २०७५/०२/२१ | कार्यपालिका | २०७५/०२/२९ |
| ३४ | व्यवसाय दर्ता नियमावली,२०७५ | २०७५/०२/२१ | कार्यपालिका | २०७५/०२/२९ |
| ३५ | कर्मचारी आचरण नियमावली,२०७५ | २०७५/०२/२१ | कार्यपालिका | २०७५/०२/२९ |
| ३६ | एफ. एम. रेडियो सञ्चालन नियमावली, २०७५ | २०७५/०२/२१ | कार्यपालिका | २०७५/०२/२९ |
| ३७ | पालिका प्रहरी व्यवस्थापन तथा संचालन नियमावली, २०७५ | २०७५/०५/१५ | कार्यपालिका | २०७५/०६/१५ |
| ३८ | संस्था दर्ता नियमावली, २०७५ | २०७५/१०/२९ | कार्यपालिका | २०७५/११/०१ |
| ३९ | सार्वजनिक खरिद नियमावली, २०७६ | २०७६/०९/२३ | कार्यपालिका | २०७६/०९/२३ |
| ४० | आर्थिक सहायता नियमावली, २०७७ | २०७७/१०/०७ | कार्यपालिका | २०७७/१०/०८ |

| ३ कार्यविधिहरु | | | | |
|---|---|---|---|---|
| ४१ | कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ (अन्तरिम) | २०७४/०५/०६ | गाउँ सभा | २०७४/०७/२१ |
| ४२ | संक्रमणकालिन कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ | २०७४/०५/०६ | गाउँ सभा | २०७५/०७/२१ |
| ४३ | करार जनशक्ति व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०३/२२ | कार्यपालिका | २०७५/०४/०२ |
| ४४ | "घ" वर्गको निर्माण व्यवसायि इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ | २०७५/०३/२२ | कार्यपालिका | २०७५/०४/०२ |
| ४५ | चमेनागृह व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०३/२२ | कार्यपालिका | २०७५/०४/०२ |
| ४६ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०७/०४ | कार्यपालिका | २०७५/०७/०५ |
| ४७ | स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५ | २०७५/०८/०७ | कार्यपालिका | २०७५/०८/०८ |
| ४८ | विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ | २०७५/१०/२९ | कार्यपालिका | २०७५/११/०१ |
| ४९ | अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ | २०७५/१०/२९ | कार्यपालिका | २०७५/११/०१ |
| ५० | कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि | २०७५/१०/२९ | कार्यपालिका | २०७५/११/०१ |
| ५१ | भवन निर्माण सम्वन्धी विनियम तथा नक्सा पास कार्यविधि, २०७५ | २०७५/११/१६ | कार्यपालिका | २०७५/११/२४ |
| ५२ | एकीकृत सम्पत्ति कर व्यवस्थापन सम्बन्धी कार्यविधि ,२०७५ | २०७५/०९/३० | कार्यपालिका | २०७६/०१/०३ |
| ५३ | एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ | २०७६/११/२९ | कार्यपालिका | २०७६/१२/०२ |

| | | | | |
|---|---|---|---|---|
| ५४ | घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ | २०७७/०५/२९ | कार्यपालिका | २०७७/०५/३० |
| ५५ | व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०५/२९ | कार्यपालिका | २०७७/०५/३० |
| ५६ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणिय परीक्षण कार्यविधि, २०७७ | २०७७/०९/१६ | कार्यपालिका | २०७७/०९/१६ |
| ५७ | सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०९/१६ | कार्यपालिका | २०७७/०९/१६ |
| ५८ | स्थानीय हाट बजार व्यवस्थापन कार्यविधि,२०७७ | २०७७/१०/०७ | कार्यपालिका | २०७७/१०/०८ |
| ५९ | टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७७ | २०७७/१२/३० | कार्यपालिका | २०७७/१२/३१ |
| ६० | होमस्टे संचालन कार्यविधि, २०७७ | २०७७/१२/३० | कार्यपालिका | २०७७/१२/३१ |
| ६१ | ऊर्जा बिकास उप– समिति गठन तथा सञ्चालन कार्यविधी, २०७८ | २०७८/०१/१९ | कार्यपालिका | २०७८/०१/३० |
| ६२ | लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८ | २०७८/०२/०९ | कार्यपालिका | २०७८/०२/१८ |

**४. निर्देशिकाहरु**

| | | | | |
|---|---|---|---|---|
| ६३ | बजार अनुगमन निर्देशिका, २०७५ | २०७५/०२/२१ | कार्यपालिका | २०७५/०२/२९ |
| ६४ | उर्जा विकास सम्बन्धि निर्देशिका, २०७५ | २०७५/०३/२२ | कार्यपालिका | २०७५/०४/०२ |
| ६५ | बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका,२०७६ | २०७६/११/२९ | कार्यपालिका | २०७६/१२/०२ |
| ६६ | कन्टेन्जेन्सि खर्च सम्वन्धी निर्देशिका, २०७७ | २०७७/०९/१६ | कार्यपालिका | २०७७/०९/१६ |

| | | | | |
|---|---|---|---|---|
| ६७ | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ | २०७८/०८/१५ | कार्यपालिका | २०७८/०८/२१ |
| ६८ | ग्रामिण आखा किल्निक निर्देशिका, २०७८ | २०७८/११/०५ | कार्यपालिका | २०७८/११/०५ |
| **५. मापदण्डहरु** | | | | |
| ६९ | कृषि विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक मार्गदर्शन तथा मापदण्ड, २०७६ | २०७६/०१/२९ | कार्यपालिका | २०७६/०२/२३ |
| ७० | असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असायहरुलाई उपलव्ध गराउने राहत सम्बन्धी मापदण्ड, २०७७ | २०७६/१२/२६ | कार्यपालिका | २०७६/१२/२६ |
| ७१ | सार्वजनिक सेवाको मापदण्ड, २०७८ | २०७८/०२/३० | कार्यपालिका | २०७८/०३/०२ |
| **६. अन्य** | | | | |
| ७२ | नवीकरणीय उर्जा नीति, २०७८ | २०७८/०१/१९ | कार्यपालिका | २०७८/०१/२० |

कानून निर्माण प्रक्रिया आफैंमा जटिल हुनु, कानूनमा विवेकशीलता अधिकाधिक रुपमा समाहित गर्नु, निष्पक्ष बनाउनु, सबै सरोकारवाला पक्षहरुहरुको राय समाविष्ट गर्नु, समयमै कानून निर्माणको आवश्यकता पूरा गर्नु र महत्वपूर्ण रुपमा आम जनभावनाको कदर गर्दै र कानूनका सर्वमान्य सिद्धान्तको परिपालना गर्दै सर्वस्वीकार्य कानून तर्जुमा गर्नु चुनौतिपूर्ण देखिन्छ भने जनप्रतिनिधि तथा स्थानीय कर्मचारीहरुमा कानून निर्माणको ज्ञान तथा अनुभव पर्याप्त रुपमा नहुनु, गाउँपालिकामा कानून अधिकृतको पदपूर्ति नहुनु, संघीय तथा प्रादेशिक कानूनहरु समयमै तर्जुमा नहुनु, समय समयमा प्रदेश स्तरबाट कानून तर्जुमा तथा कार्यान्वयन समबन्धमा समिक्षा एवम् गोष्ठी नहुनु समस्याको रुपमा देखिएको छ । आधार तथा मापदण्ड एवम् साझा अधिकार क्षेत्र सम्बन्धी कानूनहरु समयमै तर्जुमा र स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरुको कानून निर्माण सम्बन्धमा क्षमता विकासमा पर्याप्त ध्यान दिन सके धेरै हदसम्म स्थानीय तहमा देखिएको कानून निर्माण सम्बन्धी समस्या समाधान गर्न सकिन्छ भने कानून अधिकृतको पदपूर्ति, नमूना कानूनको समयमै उपलब्धताले थप टेवा पुर्याउन सक्ने देखिन्छ । यसमा गाउँपालिका महासंघको समन्वयकारी भूमिका पनि महत्वपूर्ण छ ।

## (२) कार्यकारी अधिकारको प्रयोग

नेपालको संविधान बमोजिम स्थानीय तहको कार्यकारी अधिकार स्थानीय कार्यपालिकामा निहित रहने व्यवस्था छ। प्रमुख रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र लिखु गाउँपालिका कार्य विभाजन तथा कार्य सञ्चालन नियमावली, २०७४ मा यस गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकारहरु व्यवस्थित गरिएको छ, साथै अन्य संघीय, प्रदेश तथा स्थानीय कानूनहरुले थप जिम्मेवारी पनि प्रदान गरेको अवस्था छ। यद्यपि प्रत्येक आर्थिक वर्षमा नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरि सभामा प्रस्तुत गर्नु र सभाबाट स्वीकृत भए बमोजिम नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन कार्यपालिकाको अत्यन्त महत्वपूर्ण दायित्व हो। विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था अनुरुप प्रत्येक वर्ष वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यपालिकाद्वारा तर्जुमा भई गाउँ सभामा पेश भएको छ। सुशासन तथा सूचनाको हकको प्रत्याभूतिका लागि गाउँ सभा, कार्यपालिका, अन्य समितिहरुका निर्णय, कार्यपालिका कार्यालयबाट सम्पन्न क्रियाकलापहरु, आवधिक प्रतिवेदनहरु तथा महत्वपूर्ण सूचनाहरु गाउँपालिकाको वेभसाईट तथा पुस्तकको रुपमा प्रकाशित गरिएको छ।

स्थानीय निर्वाचन सम्पन्न भए पश्चात लिखु गाउँ कार्यपालिका १८ सदस्यीय समिति गठन भएको छ भने कार्यपालिकाको काम, कर्तव्य र अधिकारलाई थप व्यवस्थित गर्न ६ विषयगत समिति तथा कार्यपालिकालाई प्रतिवेदन गर्ने र विशेष क्षेत्रमा मात्र कार्य गर्ने गरि अन्य ३० वटा समितिहरु पनि गठन भई क्रियाशील छन्। नौ वटै वडामा वडा समितिहरु पनि क्रियाशील छन्। उपरोक्त समितिहरुको तोकिएको अवधिमा नियमित तथा आकस्मिक रुपमा थप बैठक बसी महत्वपूर्ण निर्णय गर्दै आईरहेको छ।

## (३) न्यायीक अधिकारको प्रयोग

नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहमा पनि न्यायीक अधिकार प्राप्त भएको छ। नेपालको संविधानको धारा २१७ उपधारा १ र २ अनुसार स्थानीय तहलाई प्राप्त न्यायीक अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा विस्तृतीकरण गरिएको छ। सोही बमोजिम लिखु गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समिति गठन तथा न्यायीक समिति कार्यविधि ऐन, २०७५ तर्जुमा गरि यस गाउँपालिका क्षेत्रभित्र रहेका अन्यायमा परेका सम्पूर्ण जनताहरुका लागि सर्वसुलभ र सहज तरिकाले स्थानीय स्तरमा न्याय दिलाउन स्थानीय सरकारको रुपमा रहेको लिखु गाउँपालिका नीतिगत तथा संरचनागत रुपमा सशक्त भई कार्य गर्दै आईरहेको छ। यसका साथै न्यायीक समितिलाई थप प्रभावकारी बनाउन यसको सचिवालय समेत स्थापना गरिएको छ। लिखु गाउँपालिकामा न्याय सम्पादनमा जनताको पहुँच अभिवृद्धि गरि प्रभावकारी बनाउन कानून बमोजिम मेलमिलापकर्ताहरुलाई नियुक्त दिई न्याय सम्बन्धी ४८ घण्टे तालिम समेत सञ्चालन गरिएकोछ।

## (४) भौतिक व्यवस्थापनको अवस्था

गाउँपालिकाको आधुनिक प्रशासकीय भवन निर्माण नभए तापनि आफ्नै जग्गामा पक्की भवन रहेको छ । जसमा प्रशासकीय भवन, विभागीय भवन, सभा भवन, विषयगत भवन, विपद् व्यवस्थापन भवन, पालिका प्रहरी आवास, चमेना गृह तथा स्क्रयाप ब्लक गरि ८ वटा ब्लक रहेको छन् । स्थायी प्रमुख प्रशासकीय भवनको लागि डि.पि. आर तयार गरी सम्बन्धीत निकायसँग भवन तथा संरचना  निर्माणको लागि प्रस्ताव गरिएको छ । अधिकांश वडा कार्यालयका आफ्नै नाममा जग्गा रहेको छ भने ३ वटा वडा कार्यालय भाडामा रहेका छन् । सवारी साधनतर्फ २ वटा पिक अप गाडी, १ वटा व्याकहु लोडर छन् भने १३ थान मोटर साईकल सञ्चालनमा छन् । सूचना प्रविधितर्फ गाउँपालिकाले आफ्नैतर्फबाट पूर्वाधार निर्माण गरि सम्पूर्ण वडा कार्यालयसम्म ईन्टरनेट सेवाको विस्तार गरिएको छ । गाउँपालिकाको भौतिक व्यवस्थापनतर्फको विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

**जग्गा सम्बन्धी विवरण**

<table>
<tr><th>सि.नं.</th><th>क्षेत्रफल</th><th>कित्ता नं.</th><th>जग्गा धनी कार्यालयको नाम</th><th>ठेगाना</th><th>प्रयोजन</th><th>जम्मा क्षेत्रफल</th></tr>
<tr><td>१</td><td>२-१३-०-०</td><td>२३५</td><td>गा.वि.स.को कार्यालय यसम</td><td>लिखु ५</td><td>पुरानो गा.वि.स.</td><td>२-१३-०-०</td></tr>
<tr><td>२</td><td>२-४-०-०</td><td>३०६</td><td rowspan="3">गाउँ कार्यपालिकाको कार्यालय</td><td rowspan="3">लिखु ४</td><td rowspan="3">गा.पा. अस्थायी भवन</td><td rowspan="3">७-६-३-०</td></tr>
<tr><td>३</td><td>२-०-०-२</td><td>४५३</td></tr>
<tr><td>४</td><td>३-२-२-२</td><td>७६</td></tr>
<tr><td>५</td><td>०-९-१-०</td><td>७७१</td><td rowspan="7">गाउँ कार्यपालिकाको कार्यालय</td><td rowspan="7">लिखु ५</td><td rowspan="7">प्रशासकीय भवन</td><td rowspan="7">११-६-३-०</td></tr>
<tr><td>६</td><td>१-३-३-२</td><td>७७५</td></tr>
<tr><td>७</td><td>०-१०-०-२</td><td>६४६</td></tr>
<tr><td>८</td><td>०-१४-०-०</td><td>७७३</td></tr>
<tr><td>९</td><td>३-७-३-२</td><td>३९</td></tr>
<tr><td>१०</td><td>०-५-०-१</td><td>८१९</td></tr>
<tr><td>११</td><td>४-४-२-१</td><td>७९५</td></tr>
</table>

| सि.नं. | क्षेत्रफल | कित्ता नं. | जग्गा धनी कार्यालयको नाम | ठेगाना | प्रयोजन | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १२ | १-७-०-१ | ५०१ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ४ | खेलमैदान | ९-०-३-२ |
| १३ | १-०-०-० | ४९५ | | | | |
| १४ | २-०-१-२ | ४९७ | | | | |
| १५ | ०-३-०-० | ४९९ | | | | |
| १६ | १-२-०-१ | २५ | | | | |
| १७ | ०-८-३-२ | ४८५ | | | | |
| १८ | १-३-२-० | ४८७ | | | | |
| १९ | १-८-०-० | ४८३ | | | | |
| २० | ०-८-०-० | ७७९ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ५ | बसपार्क | १०-५-२-० |
| २१ | ६-०-०-० | ८०० | | | | |
| २२ | १-०-२-० | ७८५ | | | | |
| २३ | १-८-०-० | ८०७ | | | | |
| २४ | १-५-०-० | ८१६ | | | | |
| २५ | १-९-१-३ | ४६१ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ४ | बजार व्यवस्थापन | ३-१३-१-३ |
| २६ | २-०-०-० | ४५७ | | | | |
| २७ | ०-४-०-० | ४७९ | | | | |
| २८ | ४-०-०-० | १०७६ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ४ | ५ शैय्या अस्पताल | १२-०-०-१ |
| २९ | २-०-०-१ | १२१ | | | | |
| ३० | २-०-०-० | १०१४ | | | | |
| ३१ | ०-८-०-० | १०७२ | | | | |
| ३२ | २-०-०-० | १०१५ | | | | |
| ३३ | १-८-०-० | १०७४ | | | | |
| ३४ | ०-८-०-० | ७८९ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ५ | टावर | ०-८-०-० |
| ३५ | २-०-०-० | ७८१ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ५ | अन्य (टावर मुनि) | २-०-०-० |
| ३६ | ०-८-०-० | ७९८ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ५ | अन्य बाँसघारी | ०-८-०-० |

| सि.नं. | क्षेत्रफल | कित्ता नं. | जग्गा धनी कार्यालयको नाम | ठेगाना | प्रयोजन | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| ३७ | ४-३-२-२ | १२ | गाउँ पञ्चायत, सिंहदेवी | साविक सिंहदेवी-८, लिखु २ | २ नं. वडा कार्यालय | ४-३-२-२ |
| ३८ | | | | | | |
| ३९ | १-१२-१-१ | ८९ | ३ नं. वडा कार्यालय | साविक नर्मदेश्वर-६, लिखु ३ | ३ नं. वडा कार्यालय | ३-०-०-१ |
| ४० | १-३-३-० | ३०९ | | | | |
| ४१ | १-१४-०-१ | ८४ | गाउँ कार्यपालिकाको कार्यालय | लिखु ४ | ४ नं. वडा कार्यालय | २-११-०-१ |
| ४२ | ०-१३-०-० | ३२६ | | | | |
| ४३ | ३-०-०-० | ४५७ | ५ नं. वडा कार्यालय | साविक यसम ८, लिखु ५ | ५ नं. वडा कार्यालय | ३-०-०-० |
| ४४ | ०-१०-३-१ | ४५ | गाविसको कार्यालय गाम्नाङ्टार | साविक गाम्नाङ्टार-४, लिखु ६ | ६ नं. वडा कार्यालय | ०-१०-३-१ |
| ४५ | १८-०-०-१ | ६४५ | गाविसको कार्यालय गाम्नाङ्टार | लिखु ७ | | १८-०-०-१ |
| ४६ | ३-१०-०-० | ६७५ | ७ नं. वडा कार्यालय | साविक गाम्नाङ्टार-८, लिखु ७ | ७ नं. वडा कार्यालय | ३-१०-०-० |
| ४७ | ३-१५-२-० | ६३८ | गाविसको कार्यालय टारकेराबारी | साविक टारकेराबारी-५, लिखु ८ | ८ नं. वडा कार्यालय | ३-१५-२-० |
| ४८ | १-८-१-२ | ५०५ | गाउँ पञ्चायत कार्यालय, पोकली | साविक पोकली-६, | ९ नं. वडा कार्यालय | ३-३-३-० |
| ४९ | ०-११-२-० | ७६५ | | | | |
| ५० | ०-१५-३-२ | २६ | | | | |
| ५१ | ३-०-०-० | २७७ | स्वास्थ्य चौकी, यसम | लिखु ४ | स्वा.चौ., यसम | ३-०-०-० |

**भवन सम्बन्धी विवरण**

| सि.नं. | भवन संख्या | कोठा संख्या | भवन | | तल्ला | प्रयोजन |
|---|---|---|---|---|---|---|
| | | | पक्की | कच्ची | | |
| १ | भवन-१ | १६ | - | कच्ची | २ | विषयगत कार्यालय |
| २ | भवन-२ | ८ | पक्की | - | ३ | सभा भवन |
| ३ | भवन-३ | ५ | - | कच्ची | १ | प्रशासकीय भवन |
| ४ | भवन-४ | १५ | - | कच्ची | २ | विभागीय कार्यालय |
| ५ | भवन-५ | ३ | - | कच्ची | १ | चमेनागृह |
| ६ | भवन-६ | १ | - | कच्ची | १ | स्क्रयाप स्टोर टहरो |
| ७ | भवन-७ | २ | - | कच्ची | १ | पालिका प्रहरी आवास |
| ८ | भवन-८ | २ | - | कच्ची | १ | विपद् व्यवस्थापन |
| ९ | भवन-९ | ४ | पक्की | - | १ | ९ नं. वडा कार्यालय |
| १० | भवन-१० | ३ | - | कच्ची | १ | २ नं. वडा कार्यालय |
| ११ | भवन-११ | ३ | - | कच्ची | १ | ६ नं. वडा कार्यालय |
| १२ | भवन-१२ | ३ | - | कच्ची | १ | ८ नं. वडा कार्यालय |

## (६) सुशासन तथा सेवा प्रवाह

सुचनाको हकको प्रत्याभूति तथा सुशासन कायम गराउन गाउँ कार्यपालिकाको कार्यालयमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। गाउँपालिकाबाट सम्पादित कार्य, समितिका निर्णयहरु, महत्वपूर्ण सूचनाहरु, सार्वजनिक खरिद सम्बन्धी सूचनाहरु, आय व्ययको प्रतिवेदन गाउँपालिकाको वेभ साईट, फेसबुक पेज तथा अन्य माध्यमबाट सार्वजनिक गर्ने गरिएको छ। गाउँपालिकाको वार्षिक प्रतिवेदन प्रकाशित गरिएको छ बने भौतिक रुपमा उपस्थित भई वा ईमेल मार्फत् माग गरिएका सुचना समेत समयमै उपलब्ध गराईएको छ। सेवा प्रवाह सम्बन्धमा आएको गुनासो फर्छयौटका लागि कार्यालय अत्यन्त संवेदनशील रहेको छ। कार्यक्रम तथा योजनाहरुको सार्वजनिक सुनुवाई प्राथमिकताका साथ सम्पन्न गरिएको छ। सेवा प्रवाहलाई थप गुणस्तरीय, पहुँच योग्य तथा प्रभावकारी बनाउन सार्वजनिक सेवाको मापदण्ड, २०७८ तर्जुमा गरि लागू गरिएको छ। सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन भएका थप कार्यहरु निम्नानुसार छन्।

- ❖ गाउँपालिकामा कर्मचारी व्यवस्थापन सम्बन्धी आवश्यक ऐन, नियमहरुको तर्जुमा गरी सोही बमोजिम आवश्यक कर्मचारी नियुक्ति गरी पदपुर्ति गरिएको छ।
- ❖ लिखु गाउँपालिकामा कार्यारत कर्मचारी लगायत जनप्रतिनिधिहरुले ३५ प्रकारका तालिम जम्मा १४७ जनाले लिएको छ।
- ❖ संघ, प्रदेश तथा अन्य स्थानीय तह र वडा कार्यालयहरु संग अन्तरतह समन्वय प्रभावकारी बनाउदै लगिएको छ।
- ❖ कर्मचारीको उत्प्रेरणाको लागि दण्ड तथा प्रोत्साहन पुरस्कारको व्यवस्था गर्ने गरिएको छ।
- ❖ गाउँपालिका मातहतका कार्यालयहरुमा समय समयमा प्रशासनिक अनुगमन गरिएको छ।
- ❖ गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ।

परिच्छेद-६

# विपद् व्यवस्थापन

विपद् भन्नाले वर्तमान सन्दर्भमा कोभिड-१९ महामारी लगायतका मानव सिर्जित तथा प्राकृतिक विपद्बाट हुने क्षतिलाई लिन सकिन्छ। यसबाट हुने क्षतिलाई न्युनीकरण, खोज तथा उद्दार पुनर्स्थापना गरी उत्थानशीलता प्राप्त गर्न योजनाबद्ध पूर्व तयारी, स्रोत व्यवस्थापन, अन्तर निकाय समन्वयको आवश्यक छ। समग्र विपद्को व्यवस्थापनको लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन र विषयगत समिति अन्तर्गत वातावरण तथा विपद् व्यवस्थापन समिति गठन भई क्रियाशील रहेका छन्। यस अन्तर्गत गरिएका कार्यहरु देहाय अनुसार छन्।

- विपद्को जोखिम विश्लेषण गरी प्रतिकार्य योजना तर्जुमा गरि कार्यान्वयन गरिएको छ।
- विपद् कार्यमा भएको बार्षिक खर्चको विश्लेषण गरी आवश्यक बजेट व्यवस्था गर्ने गरिएको छ।
- विपद् व्यवस्थापन कार्यको लागि संघ, प्रदेशसँग समन्वय गरी नगद, जिन्सी भण्डारण गरी राखिएको छ।
- विपद् व्यवस्थापन उपशाखाको भवन निर्माण गरिएको छ।
- विपद् पिडितलाई राहत वितरण गरिएको छ।
- विभिन्न वडामा राहत समाग्री वितरण गरिएको छ।
- विपद् पिडित विपन्न नागरिकलाई खाद्य सामग्री वितरण गरिएको छ।
- बाँदर धपाउने यन्त्र वडामा वितरण गरिएको छ।
- विपद् व्यवस्थापन क्षमता विकास तालिम संचालन गरिएको छ।
- स्थानीय विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना तर्जुमा गरिएको छ।

**कोभिड-१९ महामारी नियन्त्रण सम्बन्धी गरिएका कार्यहरु**

- साघुटार र सिरिसे नाकामा स्वास्थ्य कर्मी र सुरक्षा कर्मीहरुको संयुक्त टोली बनाई हेल्थ डेस्क संचालन गरिएको छ।
- हेल्थ डेस्कबाट गाउँपालिका प्रवेश गर्ने व्यक्तिहरुको विस्तृत अभिलेख राखी दैनिक जिल्ला प्रशासन कार्यालयमा ओखलढुंगामा संप्रेषण गरिएको छ।

- गाउँपालिका प्रवेश गर्ने व्यक्तिहरुलाई १४ दिनसम्म होम क्वारेन्टाइनमा बस्न प्रेरित गरिएको छ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी परिचालन गरिएको छ।
- ५ बेडको अस्थायी कोभिड अस्पताल गाउँपालिका केन्द्रमा स्थापना गरि सञ्चालन गरिएको छ।

## स्वास्थ्य सुरक्षा सामग्रीको आपूर्ति

- स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार अत्यावश्यक स्वास्थ्य सामाग्रीहरु: माक्स, स्यानिटाइजर, फेश सिल्ड,ग्लोब्स, भी.टी.एम. र एन्टीजेन किट खरिद गरिएको छ।
- वडा कार्यालय, खोप केन्द्र, गाउँघर क्लिनिक, विद्यालय, बैंक र सुरक्षा निकाय लगायका कार्यलयमा स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका कार्यालयमा स्वास्थ्य सामाग्रिहरु उपलब्ध गराइएको छ।

## प्रचारप्रसार कार्य

- प्रचारप्रसारको लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमसेविका तथा सुरक्षाकर्मी परिचालन गरिएको छ।
- प्रत्येक वडामा कोभिड-१९ महामारी नियन्त्रण सम्बन्धी माइकिङ गरिएको छ।
- विद्यालयमा भौतिक उपस्थितिमा गरिने सम्पूर्ण क्रियाकलाप बन्द गरिएको छ ।
- सेवाग्राहीका लागि माक्स, स्यानिटाइजर र हात धुने व्यवस्था अनिवार्य गरिएको छ।
- स्वास्थ्यकर्मीले बाहिरबाट आएका तथा शंकास्पद व्यक्तिहरुको समयमै PCR र एन्टीजेन गराइएको छ।
- परीक्षणको नतिजाः PCR परीक्षण संख्या: महिला-२९७ र पुरुष-३६९ जम्मा ६६६ मध्ये २७५ जना कोभिड-१९ पोजेटिभ देखिएको, एन्टीजेन परीक्षणबाट: महिला-४९ र पुरुष-३८ जम्मा ८७ मध्ये २४ जना कोभिड-१९ पोजेटिभ देखिएको छ।
- कोभिड खोपको अवस्थाः हाल सम्म पहिलो डोज प्राप्त गर्नेः- ९१३१ जना, पहिलो र दोस्रो डोज प्राप्त गर्नेः- ८११५ र पहिलो दोस्रो र तेस्रो डोज प्राप्त गर्नेः- ४९२४ जना रहेको छ।

परिच्छेद-७

# अन्तर सम्बन्धित क्षेत्र

## (१) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन

गाउँपालिकाको सार्वजनिक सम्पत्ति तथा जिन्सी व्यवस्थापनको लागि कार्यपालिका अन्तर्गत रहने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन तथा जिन्सी भण्डार उपशाखाको स्थापना भई संचालनमा रहेको छ । यस उप-शाखामार्फत गाउँपालिकाको विभिन्न शाखा,उपशाखा, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको लागि बार्षिक स्वीकृत बजेट बमोजिमको सामानहरु खरिद गरी खरिद गरिएका सामानहरुलाई अभिलेखीकरण तथा अद्यावधिक गरी मागको आधारमा सामानहरु निकासा गरिन्छ । साथै खरिद कार्यलाई चुस्त,दुरुस्त बनाउनलाई खरिद समितिको व्यव्था गर्नुको साथै स्थानीय खरिद नियमावली, २०७६ व्यवस्था गरिएको छ । साथै अन्य सार्वनजिक सम्पत्ति जग्गा, जमिन ,भवन, जंगल, खोलानाला मठ मन्दिर आदि सबैको व्यवस्थित नियमसंगत ढंगबाट अभिलेखीकरण गरी राखिएको छ ।

## (२) सूचना तथा सञ्चार प्रविधि

गाउँपालिकामा सूचना प्रविधिको प्रयोगलाई बढाई जनतालाई प्रवाह गर्ने सेवामा सहजता ल्याउने, मितव्ययीता र प्रविधिमैत्रि बनाउने प्रमुख उद्देश्यका साथ भएका कार्यहरुको प्रभावकारी कार्यान्वयनको देहाय बमोजिम रहेको छ ।

- ❖ गाउँपालिकामा कार्यारत कर्मचारीहरुलाई सूचना प्रविधी सक्षमता तालिम प्रदान गर्दै उनिहरुको क्षमता विकास गरिएको छ ।
- ❖ गाउँ कार्यपालिका तथा सो अन्तरगतका कार्यालय र सामूदायिक बिद्यालयहरुमा आवस्यक सूचना प्रविधिका पुर्वाधारहरुको व्यवस्थापन गरिएको छ ।
- ❖ गाउँपालिकाले कार्यालयबाट सम्पादन हुने काममा एकरुपता, विश्वसनियता तथा सूचना प्रविधिमैत्रि कायम गर्न विभिन्न व्यस्थापन सूचना प्रणालिहरु प्रयोगमा ल्याएको छ,
- ❖ गाउँपालिकाको कार्यालय भित्र Inter Communication Telephone (EPBX), CCTV Camera, Networking जस्ता सिस्टमहरु जडान गरि सञ्चालनमा रहेको छन्,
- ❖ गाउँपालिकाको समग्र क्षेत्र समेटेर वृतचित्र तयार गरी सामाजिक सञ्जाल तथा टेलिभिजन मार्फत प्रसारण गरिएको छ ।
- ❖ गाउँ कार्यपालिका, वडा कार्यालय तथा केही माध्यमिक बिद्यालयहरुमा ईन्टरनेट सेवा विस्तार गरिएको छ भने यस गाउँ पालिका भित्रका सामुदायिक तथा सरकारी कार्यालयहरुमा बोर्डब्यान्ड फाईबर ईन्टरनेट विस्तारको कार्य भैरहेको छ ।

- ❖ सूचनाको हकलाई प्रत्याभूत गराउन गाउँपालिकाबाट सम्पादित क्रियाकलाप तथा संरचनागत व्यवस्था सम्बन्धी स्वतःप्रकाशन नियमित प्रकाशन गरिएको छ।
- ❖ गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरुलाई गाउँपालिकाको आधिकारीक वेभसाईट मार्फत सार्वजनिकरण गरिएको छ।
- ❖ गाउँ कार्यपालिकाबाट तथा सभाबाट पारित भएका नियमावलीहरु तथा ऐनहरुको व्यवस्थित रुपमा अभिलेख गरिएको छ।
- ❖ गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुलाई कम्प्युटराईज अभिलेख गरी वेभसाईटमा नियमित अपडेट गरिएको छ।
- ❖ कोभिड १९ को रोकथाम तथा नियन्त्रण तथा आम जनसमुदायमा जन स्वास्थ्यको मापदण्ड तथा कोभिडबाट बच्ने उपायहरुको सन्दर्भमा सचेतना फैलाउन आवश्यक कार्य गरेको।

## (३) राजश्व संकलन तथा परिचालन

कर संकलनको सन्दर्भमा कार्यपालिका कार्यालय अन्तर्गत राजश्व उपशाखा रहेको छ भने वडा कार्यालयहरु कर संकलन ईकाईको रुपमा रहेका छन्। राजश्व संकलनलाई प्रभावकारी बनाउन तथा यस सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा स्थानीय राजश्व परामर्श समिति पनि क्रियाशिल रहेको छ। गाउँपालिकाको राजश्व तथा आर्थिक प्रशासनलाई थप प्रभावकारी बनाउन सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) तथा राजश्व प्रणाली (RIMS) प्रयोगमा ल्याईएको छ। राजश्व संकलन तथा खर्चको फाँटवारी कार्यालयको वेभसाईटमा नियमित प्रकाशन गरिएको छ। स्थानीय सरकारको मुख्य स्रोतको रुपमा रहेको आन्तरिक राजश्वको दायरालाई फराकिलो बनाउदै सो अनुरुपको आर्थिक ऐन तथा नीति तर्जुमा गरी विभिन्न शिर्षकमा संकलन गरिएको राजश्व देहाय अनुसार रहेको छ।

- ❖ आर्थिक वर्ष ०७४/७५ मा रु. ६,४७,०९०।०० संकलन गरिएको छ।
- ❖ आर्थिक वर्ष ०७५/७६ मा रु. २९,८६,४०१।८५ संकलन गरिएको छ।
- ❖ आर्थिक वर्ष ०७६/७७ मा रु. १८,८२,८७०।६३ संकलन गरिएको छ।
- ❖ आर्थिक वर्ष ०७७/७८ मा रु. ३९,६७,५४३।०० संकलन गरिएको छ।
- ❖ आर्थिक वर्ष ०७८/७९ मा रु. ५४,२०,०००।०० संकलन हुने अनुमान गरिएको छ।

यस गाउँपालिकाले राजश्वबाट संकलन भएको रकमलाई कानूनको परिधिमा रहेर सुशासन तथा संस्थागत विकास तथा विकास निर्माणमा परिचालन गरेको छ जसबाट सस्थागत सुशासन तथा विकास निर्माणमा केहि ठेवा पुगेको देखिन्छ।

## (४) प्रधानमन्त्री रोजगार कार्यक्रम

कुनै पनि व्यक्तिले बाध्यताबश वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाको अन्त्य गर्न तथा सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीको सुनिश्चितता गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात जस्ता पूर्वाधार विकास लगायत सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कार्यक्रमहरुमा सहकार्य, समन्वय एंव योजनाबद्ध ढंगले कार्यान्वयन गर्ने प्रवन्ध अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सरकारी, गैह्र सरकारी तथा सहकारी क्षेत्रसँग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारी सिर्जना गरिन्छ । श्रमिक बजारमा रहेका माग र आपूर्ति बीचमा रहेको अन्तरलाई कम गर्न श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै वेरोजगार व्यक्तिलाई आफ्नो ज्ञान, सीप र अनुभवको आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप, उद्यमशीलता अभिवृद्धि गर्न तालिम तथा उद्यमशीलताको प्रस्ताव पत्रको मूल्यांकनको आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन, निजी, सहकारी, सार्वजनिक निकायमा हुने श्रमिकको माग बमोजिमको आपूर्ति गर्ने कार्यको सूचिकरण र संयोजनको भूमिका रोजगार सेवा केन्द्रले गर्दछ । गाउँपालिकामा आर्थिक बर्ष ०७६/७७ मा सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत भएका कार्यहरु देहाय अनुसार छन् ।

- ❖ आर्थिक बर्ष ०७६/७७ मा ६६० जना बेरोजगार सूचीमा सूचीकृत भएका मध्ये प्राथमिकताको आधारमा ४१ जनालाई ११७१ दिनको रोजगारी सिर्जना भएको थियो जसबाट २४५ मिटर सडक सोलिङ् भयो भने ३००० मिटर सडक कुला निर्माण (ड्रेनेज) निर्माण गरिएको छ ।
- ❖ आर्थिक बर्ष ०७७/७८ मा ७०२ जना बेरोजगार सूचीमा सूचीकृत भएका मध्ये प्राथमिकताको आधारमा १०० जनालाई ९९९३ दिनको रोजगारी सिर्जना भएको थियो जसबाट ४०९० मिटर पदमार्ग निर्माण, ११२४ मिटर सडक सोलिङ्, ३२ मिटर सुख्खा वाल र १७२० मिटर सडक कुला निर्माण (ड्रेनेज) निर्माण गरिएको छ ।
- ❖ आर्थिक बर्ष ०७८/७९ मा ५०२ जना बेरोजगार सूचीमा सूचीकृत भएका मध्ये हालसम्म प्राथमिकताको आधारमा ४३ जनालाई २४०३ दिनको रोजगारी सिर्जना भएको थियो जसबाट ७७४ मिटर सडक सोलिङ्, ८० जाली प्रयोग गरी तटबन्धन निर्माण २५०० मिटर सडक कुला निर्माण (ड्रेनेज) निर्माण गरिएको छ भने यस आर्थिक बर्षको बाँकी अबधिमा पनि कार्य सञ्चालनमा नै रहनेछ ।

अन्त्यमा,

नेपालको संविधानमा स्थानीय सरकार र सो सरकारले काम गर्ने अधिकार क्षेत्रको स्पष्ठ व्यवस्था गरे अनुसारको सम्पूर्ण कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुर्याउनु हुने सम्पुर्ण जनप्रतिनिधि, राजनितिक दल, समाजसेवी, बुद्धिजिवी, कर्मचारी, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण सम्बद्ध व्यक्तित्वहरुलाई हृदयदेखि नै उच्च सम्मान तथा आभार व्यक्त गर्दछु ।

गोविन्द बहादुर पौडेल
गाउँपालिका अध्यक्ष
२०७९ बैशाख १ गते




दुग्देश्वर महादेव मन्दिर



रामेश्व पशुपति मन्दिर



पोकली झरना




| | | | | | | |
|---|---|---|---|---|---|---|
| Likhu Rural Municipality<br>Office of the Rural Municipal Executive<br>Yasam, Likhu | PROJECT:–<br>**Consulting Service for Masterplan of Pokali Jharana Nirman,Likhu-9,Okhaldhunga** | SUBMITTED BY:–<br>Green Thumbs Consultants Pvt. Ltd,Lalitpur<br>Nepal | DESIGNED BY:<br>CHECKED BY:<br>APPROVED BY: | CHECKED BY:<br>RECOMMENDED BY:<br>ACCEPTED BY: | Sheet Title:<br>Masterplan of Pokali Jharana | Date: April, 2021<br>Drawing No.01<br>Sheet No.A |

पोकली झरना गुरू योजना